स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली भाषाको साइन्स फिक्सन फिल्म 'एक्लो'ले दुई शीर्ष कलाकारको 'क्यारेक्टर लुक्स' सार्वजनिक गरेको छ । चरित्रप्रधान पोस्टरमा डेब्यु अभिनेत्री कविता नेपालीलाई 'एरियल'को रुपमा चिनाइएको छ। बेलायती अभिनेता जेमी बेकनलाई ज्याक चरित्रमा प्रस्तुत गारिएको छ । पोस्टर हेर्दा यी दुवै कलाकारको रित्र चित्रण रोचक हुने अनुमान गर्न सकिन्छ । दुवै कलाकार एक्सन अवतारमा प्रस्तुत छन् ।

आजको विचार...



कतै...
(दुई पेजमा)

मनिषा घिमिरे



नारायण रायमाझी निर्देशित गत वर्षको हिट फिल्म 'परदेशी २'ओटिटी प्लेटफर्म 'एमएसएम भिडिया' मा रिलिज हुने भएको छ। निर्देशक नारायण रायमाझीले फिल्म सोमबारबाट 'एमएसएम भिडियो' मा रिलिज हुने जानकारी दिए। हेका दर्शकले सहज रुपमा हेर्न पाउन् भनेर ओटीटीमा ल्याएको जानकारी दिए। अभिनेता प्रकाश सपूत, केकी अधिकारी, प्रशान्त तामाङ, वर्षा शिवाकोटी, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देवेन्द्र बब्लुलगायतको अभिनय फिल्ममा छ।

❐ वर्ष ३० ❐ अंक १५० ❐ २०८१ पौष ८ गते सोमबार 23 December 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बस दुर्घटना हुँदा ३८ को मृत्यु

रासस/एएफपी

**साओ पाउलो,** पौष ७/दक्षिणपूर्वी ब्राजिलमा भएको बस दुर्घटनामा परी कम्तीमा ३८ जनाको मृत्यु भएको छ । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले शनिबार दक्षिणपूर्वी ब्राजिलमा भएको बस दुर्घटनामा परी कम्तीमा ३८ जनाको मृत्यु भएको बताउँदै मृतकका आफन्तजनप्रति समवेदना प्रकट गर्नुभएको छ । ब्राजिलको मिनास गेरैस राज्यमा भएको बस दुर्घटनामा सन् २००७ यताकै सबैभन्दा खराब दुर्घटना भएको संघीय राजमार्ग प्रहरी (पीआरएफ) ले एएफपीलाई जानकारी दिएको छ । नागरिक प्रहरीले ३८ जनाको मृत्यु भएको पुष्टि गरेको छ भने नौ जनालाई अस्पताल भर्ना गरिएको छ । पीआरएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रारम्भिक जानकारीअनुसार ग्रेनाइटको एउटा ब्लक विपरीत दिशाबाट आउँदै गरेको ट्रकबाट खसेर बसलाई ठक्कर दिएको हुन सक्ने देखिएको छ ।' ट्रक चालक घटनास्थलबाट फरार भएको अग्निनियन्त्रकले बताएका छन् । अग्निनियन्त्रकहरूले सुरुमा बिहान ४ बजेतिर बसको टायर पड्किएपछि चालकले नियन्त्रण गुमाएर ट्रकलाई ठक्कर दिएको र पछाडिबाट आएको अर्को गाडीले पनि बसलाई ठक्कर दिएको अधिकारीहरूले बताएका छन् ।

# सहकारीको विकास विना आर्थिक क्रान्ति सम्भव छैन : सांसद गैरे

कृष्ण पोखरेल

**पाल्पा,** पौष ७/ पाल्पा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले सहकारीको विकास विना देशमा आर्थिक क्रान्ति सम्भव नरहेको बताएका छन् । तानसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं साधारण सभालाई तानसेनमा सम्बोधन गर्दै उनले नेपालको तीनखम्बे अर्थतन्त्रमध्ये सहकारी एउटा खम्बा भएकाले यसको विकास विना आर्थिक क्रान्ति हुन नसक्ने बताएका हुन् ।

सांसद गैरेले देशको आर्थिक विकासमा सहकारीको भूमिका महत्वपूर्ण रहेकाले यसको विकास अहिलेको आवश्यकता रहेको उल्लेख गरे । राज्यका निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापति समेत रहेका उनले सहकारी, सरकारी र निजी क्षेत्रको एकता समन्वय र सहकार्यबाट नै देशमा आर्थिक चलायमान हुने धारणा व्यक्त गरे । सांसद गैरेले अहिले देशमा सकारात्मक कुरा भन्दा पनि नकारात्मक



कुरालाई बढी प्रचार-प्रसार गरेर देशका युवाहरुलाई विदेश धकेल्ने प्रयास भइरहेकोमा चिन्ता व्यक्त गरे । उनले भने 'केही सहकारीले गरेको बदमासीको कारण तानसेन बचत जस्ता राम्रा सहकारीले गरेका राम्रा कामहरू समेत ओझेलमा परेका छन् । यस्ता राम्रा काम गरेका सहकारीहरुको प्रचार हुनुपर्छ ।' गलत काम गर्ने सहकारीलाई राज्यले नियमन गरी कानुनी कारवाही गर्नुपर्नेमा सांसद गैरेले जोड दिए । आफू पनि सहकारी संस्थाको शेयर सदस्य भएकाले सहकारी संस्थालाई व्यवस्थित रुपमा सञ्चालनको लागि आफ्नो पनि सहयोग रहने उनले बताए । पूर्व उद्योगमन्त्री एवं संस्थाका सेयर सदस्य सोमप्रसाद पाण्डेले सहकारीबाट नै स-सानो पुँजी संकलन गरी उद्यमशीलता र रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने बताए । सहकारीबाट देशको आर्थिक स्थितिलाई सबल र मजबुत बनाउन सकिने र सानो-सानो पुँजीबाट स-साना उद्योग व्यवसायलाई ठाउँ-ठाउँमा सञ्चालन गर्न सकिने उनले उल्लेख गरे । आगामी दिनमा सहकारीले ऋण र बचतसँगै उत्पादन र आयआर्जनको विविधिकरणमा जोड दिनुपर्ने पूर्व मन्त्री पाण्डेले बताए । लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री एवं संस्थाका सेयर सदस्य खेमबहादुर सारु मगरले सहकारी भनेको स-सानो पुँजी संकलन गर्ने सेयर सदस्यहरूलाई फाइदा पुग्ने गरी काम गर्ने एउटा अभियान भएको बताए । तानसेन बचत तथा ऋण सहकारी संस्थाले यो अभियानमा इमान्दारिता पूर्वक काम गर्दै आएकोमा खुसी व्यक्त गरे । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले सहकारी संस्था भित्र रहेका सबै सेयर सदस्यको रकमदेखि भूमिका बराबर भएको नमुना सहकारी रहेको बताए । सभामा संस्थाका अध्यक्ष भोजराज पोखरेल (रामजीले) वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको सेयर पूँजी १ करोड १० लाख, सहकारी बैंकमा २ लाख ८५ हजार लगानी रहेको जानकारी दिए । सहकारीको बचततर्फ १२ करोड २२ लाख, ऋण लगानीतर्फ १३ करोड ३१ लाख, र आर्थिक वर्ष २०८०/०८१ मा ऋण असुली २ करोड ६४ लाख २५ हजार ६ सय ४४ रहेको छ ।

संस्थाले कुल आम्दानी २ करोड ६५ लाख ७२ हजार ५ सय ३५ रुपैयाँ गरेको छ । उसले शुद्ध नाफा १४ लाख १४ हजार ९ सय ४८ गरेको छ । यसैगरी संस्थाको जगडा कोषमा ४७ लाख २९ हजार ५ सय ३९ र अन्य कोषमा ९५ लाख ३१ हजार १ सय ४८ रहेको अध्यक्ष पोखरेलले बार्षिक प्रतिवेदनमा मार्फत जानकारी दिए । संस्थाले आफ्ना कुनै सेयर सदस्यको मृत्यु भएमा १० हजार काज क्रिया खर्च नगद उपलब्ध गराउने काम गर्दै आएको छ भने क्यान्सर प्यारलाइसिस जस्ता जटिल प्रकृतिका रोग लागेमा पनि अवस्था हेरिकन आर्थिक सहयोग गर्ने निति लिएको छ ।

-बाँकी अन्तिम पेजमा...

# लामिछानेसहित ३१ जनाविरुद्ध मुद्दा दर्ता



**पोखरा,** पौष ७/जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित ३१ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गरेको छ । जिल्ला अदालतले पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उनीहरूविरुद्ध ३ वटा कसुरमा आइतबार मुद्दा दर्ता गरेको हो ।

मुद्दा दर्ताका लागि लामिछानेलाई बिहान अदालतमा उपस्थित गराइएको थियो । उनीविरुद्ध तीन कसूरमा मुद्दा दर्ता भएको छ । लामिछानेमाथि सहकारी ठगी,संगठित अपराध र सम्पत्ति शुद्धिकरणसम्बन्धी कसूरमा मुद्दा दर्ता भएको जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले जनाएका छ । लामिछानेमाथि सम्पत्ति शुद्धिकरणमा २७ करोड ८९ लाख ४४ हजार ५ रुपैयाँ बिगो माग गरिएको छ । सरकारी वकिलको कार्यालयले दायर गरेको मुद्दामा लामिछानेकी श्रीमती निकिता पौडेलको नाममा रहेको सम्पत्ति जफत गर्न समेत माग गरेको छ । लामिछानेसहित पूर्वडीआईजी छविलाल जोशी, लिला पछाई, रामबहादुर खनाल र कृष्णबहादुर गुरूङविरूद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको हो । विभिन्न ८ वटा कम्पनीविरुद्ध पनि मुद्दा दर्ता भएको छ । त्यस्तै ५ जनाको सम्पत्ति जफत गर्नुपर्ने सरकारी वकिलको कार्यालयको राय छ ।

-बाँकी अन्तिम पेजमा..

# महिला स्वास्थ्य स्वयंसेविकाको गुनासो : राज्यले बुझेन हाम्रो दुःख

**घोराही (दाङ),** पौष ७/यहाँको घोराही उपमहानगरपालिका-६ निवासी माया चौधरी २०४६ सालदेखि महिला स्वास्थ्य स्वयंसेविकाका रूपमा काम गरिरहेकी छिन् । लामो समयदेखि स्वयंसेविकाको काम गरे पनि राज्यले दुःख बुझ्न नसकेको उनको गुनासो छ । 'स्वयंसेविकाका रूपमा काम गर्दा राज्यले हाम्रो मूल्याङ्कन गर्न सकेन', उनले भनिन् ।

आफ्नै खर्चमा गाउँ-गाउँ पुग्ने गरेको उनी बताउन्छिन् । घोराही-१२ निवासी इमाकुमारी शर्माले पनि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्दा खाजा खर्चसमेत नपाएको गुनासो गरिन । 'हामीले दुःखमात्र गरेका छौँ, श्रमको उचित मूल्य पाउन सकेका छैनौँ', भनिन् । सुविधाका नाममा बैठक भत्ता चार सय ५०, वार्षिक पोशाक भत्ता १० हजार, खोप लगाउँदा तथा औषधि खुवाउँदा दैनिक चार सय र त्यसभन्दा अरू प्राप्त गर्न नसकेको उनले बताइन् । घोराही-१९ निवासी निर्मला पुनले भौगोलिक रूपमा विकट सैघामा



काम गर्दा धेरै समस्या भोग्नुपरेको बताईन् । 'घण्टौं हिँडेर घरघरमा पुग्नुपर्छ तर राज्यको तर्फबाट कुनै सहयोग पाउन सकेका छैनौँ', उनले भनिन्, 'वर्षौंदेखि गरेको कामका आधारमा सरकारले सेवा सुविधा दिन आवश्यक छ । घोराही-३ निवासी जुनकुमारी रोकामगरले सञ्चारको सहज पहुँच नहुँदा काम गर्न समस्या भएको बताइन् । घोराही उपमहानगरपालिका-९ निवासी शान्ता केसी २०४५ सालदेखि महिला स्वास्थ्य स्वयंसेविका रूपमा काम गर्दै आएकी छन् । उनले ३६ वर्षदेखि निःशुल्क काम गर्दै आएको बताइन । यत्तिका वर्षसम्म काम गर्दा पनि राज्यले सहयोग नगरेको उनले बताइन् । गाउँगाउँमा स्वास्थ्यका सूचक सङ्कलन तथा स्वास्थ्य सचेतनाको काममा सरकारले खटाउने गरे पनि सेवा सुविधा दिन कन्जुस्याइँ गरेको उनको गुनासो छ । उनी भन्छिन्, 'हाम्रो श्रमको मूल्याङ्कन राज्यले गरेन ।'

केही दिन अघि यहाँ महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयोजित एक अभिमूखीकरण कार्यक्रममा उनीहरुले यस्तो गुनासो गरेका हुन् । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भूकम्प : सचेतना आवश्यक

**२०७२ सालको महाभूकम्पपछि नेपालमा साना–ठूला पराकम्पहरु गइरहेका छन् । यी पराकम्पनबाट केही मानवीय क्षति हुन पुगेको छ भने केही ठाउँमा भौतिक क्षति भएका छन् । शनिबार मात्रै बाजुरमा ५ दशमलव २ रेक्टरको भूकम्प गयो । यसले नेपाल अझै पनि भूकम्पीय दृष्टिकोणले विश्वकै उच्च जोखिम क्षेत्रमा पर्छ भन्ने बुझाउन्छ । भूकम्प आफैमा विनाशकारी हुँदैन । मानव निर्मित भौतिक संरचना भूकम्पबाट ध्वस्त हुँदामात्र मानवीय क्षति हुने हो । भूकम्पबारे लोकचेतना बढाउनसके यस्तो क्षति केही कम गर्न सकिन्छ ।**

**भूकम्प जहिले पनि जान सक्छ र सबैभन्दा सुरक्षित घर बनाएर बसेका व्यक्ति पनि बाहिर निस्केका बेला भूकम्पको मारमा पर्न सक्छन् । पुरै समाजमा भूकम्प चेतना अभिवृद्धि नगरी र निर्माण मापदण्डलाई स्तरीय नबनाई हामी यो सामूहिक जोखिमबाट बँच्न सक्दैनौं । पछिल्लो जनगणनाले नेपालको आधाभन्दा बढी जनसंख्या तराईमा नै रहेको देखाएको छ । मुलुकको ठूलो जनघनत्व जुन भूगोलमा बसिरहेको छ, त्यहाँका बहुसंख्यक वासिन्दामा एउटा भ्रम के छ भने भूकम्पले पहाडमा मात्र बढी असर गर्छ । यी भ्रमहरूलाई चिर्न जरुरी छ । सचेतना अभावका कारण पनि भूकम्प जाँदा ठूलो जनधनको क्षति नेपालले व्यहोर्नु परेको छ । भूकम्पबाट हुनसक्ने क्षतिलाई ध्यानमा राखेर भौतिक संरचनाहरू बन्ने गरेका छैनन् । स्कुल, कलेज, सिनेमा घर, सभागृह तथा पुल आदि सार्वजनिक महत्वका संरचना बनाउँदा भूकम्पलाई राम्ररी ख्यालमा राख्ने गरिएको छैन ।**

**भूकम्प प्रतिरोधी भौतिक संरचना बनाउँदा भूकम्पबाट हुने मृत्यु र क्षति न्यून हुन्छ भन्ने तथ्यलाई नीति र व्यवहारको अभिन्न अंग बनाउन सकिएको छैन । देशभित्र ठूल्ठूला भूकम्प पटक–पटक गइरहँदा सरकारले पाठ सिक्न नसक्नु र पूर्वतयारीमा ध्यान नदिनु दुखद् हो । सरकारको गैरजिम्मेवारीपन, घटनाको अतार्किक निष्कर्ष र सही सूचना प्रवाह गर्ने प्रभावकारी वैज्ञानिक संयन्त्रको अभावका कारण क्षतिका उही प्रकृति बारम्बार दोहोरिँदै जानु राम्रो होइन । नेपालमा अधिकांस घरहरु भूकम्पमैत्री छैनन् । जसका कारण भूकम्पको परकम्प आउनसाथ ठूलो क्षति व्यहोर्नु नेपालीको नियति नै बनेको छ । भूकम्पको कम्पन र पराकम्पनसँगै हुन जाने ठूल्ठूला जनधनको क्षतिबाट बस्तीलाई बचाउन भूकम्पमैत्री आवासीय तथा अन्य संरचना निर्माण गर्ने कुरामा आम नागरिकलाई सचेत बनाउन आवश्यक छ । यसका लागि सरकारले भूकम्पमैत्री संरचना बनाउन जनतालाई सचेत बनाउनुको साथै प्रोत्साहन गर्न जरुरी छ । यसो भयो भने मात्र भूकम्पबाट हुन सक्ने सम्भावित घटनाबाट जोगिन सकिन्छ ।**

## Opinion @ Social Network

भोक लाग्छ तिर्खा लाग्छ जिवनमा अनेक सोक लाग्छ
गरिब परिवारमा हुर्किनु पर्छ पैसा नै सबथोक लाग्छ ।
*(सोनि थापाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कतै तपाईंले पिउने पानी नै बिरामी पो छ कि ?



**मनिषा घिमिरे**

> *नेपाल सरकारले खानेपानीको गुणस्तर सुनिश्चित गर्न विभिन्न पानीको गुणस्तर मापदण्डहरूको संशोधन सहित राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ जारी गरेको छ । साथै पानीको गुणस्तरको मापदण्डभित्र रहन र स्वच्छ पानीको आपूर्तिका लागि हामीले आफ्नै घरमा विभिन्न पानी प्रशोधन प्रविधिहरूको प्रयोग गर्न सकिन्छ । घरमा प्रयोग गर्न सकिने पानी प्रशोधन प्रविधिहरू १. सोडिस (सौर्य जल कीटाणु शोधन): प्रदुषकहरू : मुख्यतया ब्याक्टेरिया, भाइरस र प्रोटोजोआलाई हटाउने काम गर्दछ । प्रक्रिया : पानीले भरिएको सफा बोतललाई ६ घण्टा वा सोभन्दा बढी समयसम्म प्रत्यक्ष सूर्यको प्रकाशमा राख्ने । सूर्यको यूभी विकिरणले सूक्ष्म जीवहरूलाई निष्क्रिय बनाउँछ । प्रभावकारिता : अधिकांश जलजन्य रोगजनक विरुद्ध अत्यधिक प्रभावकारी रहन्छ । सरल र कम लागतको, सफा पानी, सफा बोतल र सूर्यको प्रकाशको आवश्यक पर्दछ । सीमाहरू : निरन्तर सूर्यको प्रकाशमा निर्भर गर्दछ, बादल वा वर्षाको मौसममा उपयुक्त नहुन सक्छ। बोतलबाट प्लास्टिक चुहावट एक चिन्ताजनक र नकारात्मक हुन सक्छ । २. क्लोरिन उपचारः प्रदुषकहरू : मुख्यतया ब्याक्टेरिया र भाइरसलाई हटाउने काम गर्दछ । प्रक्रिया : पानीमा क्लोरिन ट्याब्लेट वा तरल ब्लिच थप्ने जसले गर्दा क्लोरिनले अक्सिडेशन मार्फत सूक्ष्मजीवहरूलाई मार्छ । प्रभावकारिता : अधिकांश ब्याक्टेरिया र भाइरसहरू विरुद्ध प्रभावकारी, तर केही प्रोटोजोआहरू विरुद्ध प्रभावकारी नहुन सक्छ ।*

नेपालमा प्रचुर मात्रामा पानीका स्रोतहरू छन्ह जुन मुख्यतया हिमनदी, नदीहरू, वर्षा, ताल, पोखरी र भूमिगत पानीबाट प्राप्त छन् । भूमिगत पानी विशेषगरी तराई र काठमाडौं उपत्यकामा पिउने पानीका स्रोतहरूका लागि महत्वपूर्ण छ । यद्यपि विशेषगरी पछिल्लो समयमा अत्यधिक दोहनले यसको स्तरलाई खतरामा पारेको देखिन्छ । साथै शहरी र ग्रामीण दुवै क्षेत्रहरूमा एक महत्वपूर्ण पानीको स्रोतका रूपमा धाराको पानी र ट्युबवेलहरू पनि रहेका छन् । पानीको गुणस्तरले मानव स्वास्थ्य, सरसफाइ र विभिन्न गतिविधिलाई प्रत्यक्ष रूपमा असर गर्छ । विश्व स्वास्थ्य संगठनले आधारभूत मानव आवश्यकताहरूका लागि प्रतिदिन कम्तीमा दुई लिटर पानीको आवश्यकता रहने बताएको छ। पानीको गुणस्तरले यसको भौतिक, जैविक र रासायनिक गुणहरू समावेश गर्दछ, जुन प्राकृतिक र मानव गतिविधिद्वारा प्रभावित हुन्छन् । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रहरूमा सुरक्षित खानेपानीको पहुँच सुधारिएको भए तापनि, तीव्र शहरीकरणले पानीका स्रोतहरूमा विशेषगरी काठमाडौं जस्ता ठूला शहरहरूमा पानीको गुणस्तरमा दबाब बढाइरहेको देखिन्छ । काठमाडौं उपत्यकामा भूमिगत पानीका स्रोतहरूमा अत्यधिक निर्भरताले भूमिगत पानीको स्तर पनि घट्दै गएको पाइन्छ । तसर्थ पानी प्रदूषणले नेपालमा गम्भीर पानीजन्य रोगको खतरा उत्पन्न गरेको छ । **नदीहरूलाई प्राय :** शहरी फोहोर र औद्योगिक फोहोर फाल्ने ठाउँको रूपमा प्रयोग गरिन्छ, जसले पानीको गुणस्तरलाई उल्लेखनीय रूपमा बिगार्छ र जलजन्य रोगहरूको फैलावटमा योगदान पुर्‍याउँछ । शहरी क्षेत्रहरूमा, सुख्खा मौसममा तरकारी धुने र व्यक्तिगत सरसफाइका लागि प्रदूषित नदीको पानीको प्रयोगले गम्भीर स्वास्थ्य जोखिमहरू निम्त्याउँछ । सफा पिउने पानीको अपर्याप्त पहुँचले समस्यालाई थप जटिल बनाएको छ, जसले पखाला, आउँ, हैजा र टाइफाइड जस्ता जलजन्य रोगहरूका साथै जुका संक्रमण र छालाका रोगहरू पनि देखिएको छ ।

नेपाल सरकारले खानेपानीको गुणस्तर सुनिश्चित गर्न विभिन्न पानीको गुणस्तर मापदण्डहरूको संशोधन सहित राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ जारी गरेको छ । साथै पानीको गुणस्तरको मापदण्डभित्र रहन र स्वच्छ पानीको आपूर्तिका लागि हामीले आफ्नै घरमा विभिन्न पानी प्रशोधन प्रविधिहरूको प्रयोग गर्न सकिन्छ ।

**घरमा प्रयोग गर्न सकिने पानी प्रशोधन प्रविधिहरू**

**१. सोडिस (सौर्य जल कीटाणु शोधन):**

**प्रदूषकहरू :** मुख्यतया ब्याक्टेरिया, भाइरस र प्रोटोजोआलाई हटाउने काम गर्दछ । **प्रक्रिया :** पानीले भरिएको सफा बोतललाई ६ घण्टा वा सोभन्दा बढी समयसम्म प्रत्यक्ष सूर्यको प्रकाशमा राख्ने । सूर्यको यूभी विकिरणले सूक्ष्म जीवहरूलाई निष्क्रिय बनाउँछ ।

**प्रभावकारिता :** अधिकांश जलजन्य रोगजनक विरुद्ध अत्यधिक प्रभावकारी रहन्छ । सरल र कम लागतको, सफा पानी, सफा बोतल र सूर्यको प्रकाशको आवश्यक पर्दछ । **सीमाहरू :** निरन्तर सूर्यको प्रकाशमा निर्भर गर्दछ, बादल वा वर्षाको मौसममा उपयुक्त नहुन सक्छ। बोतलबाट प्लास्टिक चुहावट एक चिन्ताजनक र नकारात्मक हुन सक्छ।

**२. क्लोरिन उपचार:**

**प्रदूषकहरू :** मुख्यतया ब्याक्टेरिया र भाइरसलाई हटाउने काम गर्दछ ।

**प्रक्रिया :** पानीमा क्लोरिन ट्याब्लेट वा तरल ब्लिच थप्ने जसले गर्दा क्लोरिनले अक्सिडेशन मार्फत सूक्ष्मजीवहरूलाई मार्छ ।

**प्रभावकारिता :** अधिकांश ब्याक्टेरिया र भाइरसहरू विरुद्ध प्रभावकारी, तर केही प्रोटोजोआहरू विरुद्ध प्रभावकारी नहुन सक्छ ।

**सीमाहरू :** उचित मात्रा र प्रयोग गर्ने समय पर्याप्त आवश्यक पर्दछ । क्लोरिनले नराम्रो स्वाद र गन्ध छोड्न सक्छ ।

**३. बायोस्यान्ड फिल्टर:**

**प्रदूषकहरू :** मुख्यतया सस्पेन्डेड कणहरू, टर्बिडिटी र केही ब्याक्टेरियालाई हटाउने काम गर्दछ ।

**प्रक्रिया :** बायोस्यान्ड फिल्टर एक सरल घरेलु पानी प्रशोधन उपकरण हो जुन विशेषगरी इन्टरमिटेन्ट प्रयोगको लागि डिजाइन गरिएको परम्परागत फिल्टर हो । एक बायोस्यान्ड फिल्टरमा विशेष रूपमा छनोट गरिएको र तयार गरिएको बालुवा र गिट्टीले भरिएको कङ्क्रिट वा प्लास्टिक कन्टेनर हुन्छ। पानी फिल्टरबाट बग्दा रोगजनक, फलाम, टर्बिडिटी र म्यांगनीज हटाउँछ । बालुवाको माथि सतही पानीको तह बस्छ र बायोफिल्म विकास हुन्छ ।

**प्रभावकारिता :** ठूला कणहरू हटाउन र पानीको गुणस्तर सुधार गर्न प्रभावकारी रहन्छ र केही मात्रामा एमोनिया हटाउन सक्छ । तर साना कणहरू, भाइरस वा ब्याक्टेरिया विरुद्ध प्रभावकारी नहुन सक्छ ।

**सीमाहरू :** फसेका कणहरू हटाउन नियमित रूपमा ब्याकवासिंग आवश्यक रहन्छ ।

**४. भेसल फिल्टर:**

**प्रदूषकहरू :** मुख्यतया टर्बिडिटी र आइरनलाई हटाउने काम गर्दछ ।

**प्रक्रिया :** पानीलाई फिल्टरिङ माध्यम भएको सिरेमिक वा छिद्रयुक्त भाँडो फिल्टरबाट हटाइन्छ ।

**प्रभावकारिता :** धमिलो पन र आइरन हटाउन प्रभावकारी । ब्याक्टेरिया र प्रोटोजोआ हटाउन विरुद्ध धेरै प्रभावकारी नहुन सक्छ ।

**सीमाहरू :** नियमित सफाइ र मर्मत आवश्यक छ ।

**५. रिवर्स ओस्मोसिस (आरओ) फिल्टर:**

**प्रदूषकहरू :** ब्याक्टेरिया, भाइरस, प्रोटोजोआ, घुलेका साल्ट, भारी धातुहरू (Heavy metal) र जैविक कम्पाउन्ड लगायतका दूषित पदार्थहरूलाई हटाउने काम गर्दछ ।

**प्रक्रिया:** पानीलाई दबाबमा सेमीपर्मिएबल झिल्लीबाट अशुद्धताहरूलाई हटाउने गर्दछ।

**प्रभावकारिता :** विभिन्न दूषित पदार्थहरू हटाउन अत्यधिक प्रभावकारी माध्यम हो ।

**सीमाहरू :** उच्च दबाब आवश्यक पर्दछ र यसले उल्लेखनीय मात्रामा पानी खेर फाल्न सक्छ । लाभदायक खनिजहरू (Minerals) हटाउन सक्छ । खानेपानी गुणस्तरको परीक्षण खानेपानीको गुणस्तर परीक्षणको आवृत्ति पानीको स्रोत, सम्भावित प्रदूषणको जोखिम मूल्याङ्कन र स्थानीय तथा राष्ट्रिय नियमहरूमा निर्भर गर्दछ। सामान्यतया, सूक्ष्मजीवीय प्यारामिटरहरूको परीक्षण वार्षिक रूपमा गरिन्छ भने रासायनिक प्यारामिटरहरूको परीक्षण ६ महिनादेखि वर्ष-वर्षमा गरिन्छ । भौतिक प्यारामिटरहरूको परीक्षण मासिक वा त्रैमासिक रूपमा गर्न सकिन्छ । आफ्नो पिउने पानीको गुणस्तरको बारेमा स्थानीय स्वास्थ्य अधिकारी वा पानी गुणस्तर विशेषज्ञसँग परामर्श गर्न राम्रो रहन्छ । **अत :** नेपालमा पानीको उपलब्धता भए पनि, गुणस्तरको हिसाबले धेरै चुनौती छन्। शहरीकरण, औद्योगिकीकरण र जनसंख्या वृद्धिको कारण पानी प्रदूषणको समस्या जटिल बन्दै गएको छ। यसले गर्दा पानीजन्य रोगहरूको प्रकोप बढ्दै गएको र मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । हामी सबैले स्वच्छ पानी हाम्रो अधिकार हो भन्ने कुरा बुझ्नुपर्छ र यसको संरक्षणका लागि प्रतिबद्ध हुनुपर्छ ।

खानेपानीको गुणस्तर सुधार गर्नका लागि सरकार, गैरसरकारी संस्थाहरू, समुदाय र हामी सबैले मिलेर काम गर्नुपर्छ । पानीका स्रोतहरूको संरक्षण, फोहोर व्यवस्थापनमा सुधार, पानी प्रशोधन प्रविधिको प्रयोग र जनचेतना अभिवृद्धि जस्ता उपायहरू अपनाएर हामी स्वच्छ खानेपानीको सुनिश्चितता गर्न सक्छौं । आफ्नो स्वच्छ र स्वस्थ भविष्य सुनिश्चितताको लागि सुरक्षित र सफा पानी पिउने बानी बसालौं ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यापार विस्तारलाई लिएर योजना बन्नेछ । विद्या र ज्ञानमा वृद्धि हुने । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्छ। | **बृश्चिक** : आत्मिक सन्तुष्टि मिल्नेछ । लगनशीलताले काम अगाडि बढ्नेछन् । |
| **मिथुन** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |
| **कर्कट** : प्रेमीको सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **मकर** : अधिकारका लागि संघर्ष गर्नु पर्ला, तर प्रेम सम्बन्धमा मधुरता छाउनेछ । |
| **सिंह** : नयाँ कार्यको योजना बन्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । | **कुम्भ** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कन्या** : मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक समस्या पनि खेप्नु पर्नेछ । | **मिन** : समाजमा पद प्रतिष्ठामा वृद्धि हुनेछ । धन खर्चको योग छ । |

# शिक्षा

## एसईईमा उत्तीर्ण दर ७० प्रतिशत पुऱ्याउन सरकारले के गर्दैछ ?




अघिल्लो वर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई)मा ४७.८७ प्रतिशत परीक्षार्थी मात्रै उत्तीर्ण भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज २ गते आगामी नतिजा ७० प्रतिशत पुऱ्याउने उद्घोष गरे । उत्तीर्ण दर सुधार्न उनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अधिकारीहरूलाई बोलाएर प्रभावकारी रूपमा काम गर्न निर्देशन समेत दिएका थिए । त्यतिबेला प्रधानमन्त्रीले भनेका थिए, 'हुन त केही विद्वान मित्रहरूले भन्ने गरेका पनि छन्। तर हामी अनलाइन कक्षा चलाएर यो वर्ष नै २२ प्रतिशत नतिजा सुधार गर्छौं । हामीले त्यस्तो भनिरहँदा विद्वान मित्रहरूले विरोध गर्न थालेका छन् । हुन त उहाँहरूको कामै त्यही हो । हामी यही वर्ष नै २२ प्रतिशत सुधार गर्नेतिर लागेका छौँ ।' नतिजा सुधार्ने योजनाअनुसार अहिले शिक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले छुट्टाछुट्टै कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सूचना प्रविधिको प्रयोग गरेर सहयोगी सामग्री बनाइरहेको छ । एसईईमा सामेल हुने विद्यार्थीहरूलाई लक्षित गरी केन्द्रले तालिम प्राप्त शिक्षकहरूबाट प्रभावकारी ढङ्गले पठनपाठन गरिएका अङ्ग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयका भिडियो पाठहरू युट्युब च्यानलमा राखेको छ । विद्यार्थीहरूले आफूलाई इच्छा लागेको जुनसुकै समयमा मन लागेका जुनसुकै पाठहरू निःशुल्क डाउनलोड गरी हेर्न र सुन्न सकिने व्यवस्था मिलाइएको केन्द्रको भनाइ छ । केन्द्रले सबै विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र अभिभाव समेतलाई ती भिडियोहरू विद्यार्थीहरूलाई विद्यार्थीलाई उपलब्ध गराउन अनुरोध गरेको छ ।

केन्द्रका महानिर्देशक दीपक शर्माले विद्यालयमा नियमित पठनपाठनका अतिरिक्त अडियो भिडियो सामग्रीहरू प्रकाशन प्रसारण भइरहेको बताए । 'स्कुलमा हुने पठनपाठनको विषय त भइहाल्यो । त्यो बाहेक हामीले अडियो भिडियो मेटिरियल्सहरू प्रकाशन प्रसारण गरेका छौँ । ती सबै सामग्री रेडियो, टेलिभिजन तथा युट्युबमा समेत राखेका छौँ,' उनले भने । त्यसका लागि युट्युबमा ३६०० पाठहरूमा विज्ञ शिक्षकहरूबाट भिडियो सामग्री बनाएर राखिएको उनको भनाइ छ । ती भिडियोहरू विद्यार्थीले पढेको कुरा कुनै विषयमा बुझेनन् अथवा स्कुलमा पढ्न छुट्यो भने सम्बन्धित पाठ खोजेर समेत पढ्न सजिलो हुने उनको भनाइ छ । त्यस्तै विद्यालयले पनि शिक्षक नभएको बेला वा खाली समयमा विद्यार्थीहरूलाई त्यही सामग्रीहरू पढाउन सक्ने बताए । 'हामीले डिजिटल कन्टेन्ट बनाएर सर्पोट गर्ने हो । तर पनि पढ्ने भनेको विद्यार्थीले नै हो । मोटिभेट गर्ने भनेको शिक्षकले हो,' उनले भने, 'हामीले बारम्बार भनिराखेका के हौँ भने कमसेकम स्कुल वा शिक्षकले हामीले बनाएका सामग्रीहरू हेरिदिनुपऱ्यो । विद्यार्थीहरूलाई त्यो कुरामा शिक्षकहरूले प्रोत्साहन गर्नुपऱ्यो ।' कक्षा कोठामा हुने पढाइ नै मुख्य कुरा हुने बताउँदै महानिर्देशक शर्माले भिडियो सामग्रीहरूलाई पठनपाठनमा थप बल पुग्ने विश्वास व्यक्त गरे ।

**प्रधानमन्त्री कार्यालयबाट 'एम्बिसन गुरू'** : यस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले अर्को तरिकाबाट काम गरिरहेको छ । 'एम्बिसन गुरू' नामक मोबाइल एपमार्फत विद्यार्थीको सहभागिता सुनिश्चित गर्नेगरी काम गरिरहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । प्रधानमन्त्री ओलीको चाहना अनुसार नै निजी कम्पनीमार्फत उत्पादित सामग्रीहरू विद्यार्थीका लागि राखिएका हुन् । यसमा समावेश भएका पाठ्यक्रम कक्षा १० का विद्यार्थीका लागि तयार पारिएको एम्बिसन गुरुले जनाएको छ । यसले नेपालभरिका विद्यार्थीलाई एसईईमा उत्कृष्ट नतिजा हासिल गर्न सहयोग पुग्ने उद्देश्यले सामग्रीहरू राखिएको जनाइएको छ । विद्यालयले हरेक विषयको प्रत्येक पाठको प्रत्यक्ष कक्षाहरू, रेकर्ड गरिएका भिडियोहरू, नोटहरू, मोडेल सेटहरू, अडियो सामग्रीहरू, टेस्टहरू जस्ता सुविधा दिइएको एम्बिसन गुरुले जनाएको छ । यी सबै सामग्रीहरू एसईई परीक्षा सम्पन्न नभएसम्म पूर्ण रूपमा निःशुल्क प्रदान गरिनेछ । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार ती सामग्रीहरू कम्पनीले निःशुल्क रूपमा उपलब्ध गराएको छ । ओली प्रधानमन्त्री हुनुअघि उनको गृह जिल्ला झापाका विद्यार्थीको नतिजा सुधार गर्न सोही कम्पनीले निःशुल्क रूपमा पठनपाठन गराएको थियो । प्रधानमन्त्री भएपछि ओलीले आफ्नो गृह जिल्लामा मात्रै नभई देशभरका सम्पूर्ण विद्यार्थी लक्षित गर्न आग्रह गरेका थिए । सोही आधारमा एसईई नतिजासम्मका लागि सम्पूर्ण सामग्रीहरू निःशुल्क प्रदान गरिरहेको प्रधानमन्त्री कार्यालय स्रोतले जानकारी दिएको छ । तर, निजी कम्पनीमार्फत नतिजा सुधार गर्ने अभियान थालिएको भन्दै विरोध समेत भएको थियो । त्यसपछि कम्पनीले हाललाई सम्पूर्ण सामग्री निःशुल्क उपलब्ध गराएको प्रधानमन्त्रीको कार्यालय स्रोतको दाबी छ । त्यसका लागि शिक्षा मन्त्रालयका दुई जना कर्मचारीलाई खटाएर सामग्रीहरू तयार गर्न सघाइउने काम भएको छ । केन्द्रले चाहिँ एक देखि १० कक्षासम्मका पठन सामग्री तयार पारेर युट्युबमा राखेको छ । कक्षा एकको एक सय ९१, दुईको एक सय ९५, तीन कक्षाको दुई सय २०, चार कक्षाको दुई सय ७६, पाँच कक्षाको दुई सय ९२, कक्षा छ को तीन सय ६८, कक्षा सातको तीन सय ४७, कक्षा आठको तीन सय ८५, कक्षा नौको चार सय ७५ र कक्षा १० को चार सय ३९ वटा कार्यक्रम उत्पादन गरेर युट्युबमा राखिएको हो । गत वर्ष मात्रै नौ सय ९२ वटा कार्यक्रम उत्पादन गरिएको थियो । यसका लागि केन्द्रमा नै अत्याधुनिक स्टुडियोको व्यवस्था गरिएको छ भने छुट्टै कर्मचारीको पनि व्यवस्था गरिएको छ ।

*-रातोपाटी डटकम*

**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ताकायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना**

रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका-१ निवासी शंकर प्रसाद राजभण्डारी र सुधिर प्रसाद राजभण्डारीले आफ्नो आमा अनन्त लक्ष्मी राजभण्डारीको मिति २०६३/०९/०६ गते, बुवा मथुरा प्रसाद राजभण्डारीको मिति २०५५/०१/१६ मा मृत्यु भएको, मृतक आमा अनन्त लक्ष्मी राजभण्डारीको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक तानसेन-२ कि.नं.६१ जग्गाको श्रेष्ता कायम नभएको, ज.ध. पुर्जा हराएको र हालसम्म आफैले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं. को जग्गा मृतक ज.ध. अनन्त लक्ष्मी राजभण्डारीको नाममा श्रेष्ता कायम गरी निवेदक शंकर प्रसाद राजभण्डारी समेत २ को नाममा संयुक्त नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त कि.नं. को जग्गामा निवेदकको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध.ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हक हस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? ज.ध. पुर्जा हराएको हो वा होईन ? ज.ध. को शेषपछिका हकवाला के कति छन् ? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ? मृतक ज.ध. अनन्त लक्ष्मी राजभण्डारीको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदक शंकर प्रसाद राजभण्डारी समेत २ नाममा संयुक्त नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा संयुक्त नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिँदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध. का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा संयुक्त नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचनामार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

## एसइईमा 'एनजी' आएको विषयमा मात्रै परीक्षा दिन पाइने




यस वर्षदेखि कक्षा १० को अन्तिम परीक्षा अर्थात् एसइईमा विद्यार्थीले अघिल्लो वर्ष 'नो ग्रेड' (एनजी) आएको विषयको मात्रै परीक्षा दिन पाउने भएको छ । परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले उक्त व्यवस्था लागु गर्न लागेको हो । यसै वर्षदेखि लागू हुने गर्न लेटर ग्रेडिङ निर्देशिका २०७८ संशोधन गरी यस वर्षदेखि जुन विषयमा एनजी आएको हो त्यही विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गर्न लागिएको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । कक्षा आठ, १० र १२ मा सबै विषयमा अनिवार्य रुपमा सैद्धान्तिकमा 'डी' र प्रयोगात्मकमा 'सी' ल्याउनैपर्ने व्यवस्था छ । संशोधन गरिएको निर्देशिका अनुसार नियमित वा ग्रेड वृद्धि परीक्षामा कम्तीमा डी ल्याउनैपर्ने हुन्छ । विद्यार्थीले नियमित र मौका परीक्षा दिँदा पनि विद्यार्थीले जुनजुन विषयमा एनजी आएको छ, त्यो विषयको मात्रै परीक्षा दिन पाउने उनले बताए । विद्यार्थीले यस्तो यो अवसर तीन वर्षसम्म पाउनेछन् । यस वर्ष कक्षा १० को अन्तिम परीक्षा आगामी चैत ७ गतेदेखि हुँदैछ । *-रासस*

## काठमाडौं विश्वविद्यालयल 'द अल्केमी २०२४' आयोजना गर्दै



काठमाडौं विश्वविद्यालयको केयुकंक क्लबले विद्यार्थी, शिक्षाविद्, उद्योगी, नेताहरू र आविष्कारकहरूलाई एकजुट गर्ने गरी प्रेरणादायी दुईदिने कार्यक्रम 'द अल्केमी २०२४' घोषणा गरेको छ । यो कार्यक्रमले नेपालमा केमिकल इञ्जिनियरिङको भविष्यका बारेमा अन्तरक्रिया गर्दै शिक्षा र उद्योगका केही उज्याला मस्तिष्कहरूलाई एकसाथ जुटाउँदै छ । सन् २०२४ को नोभेम्बर २८ र २९ मा काठमाडौं विश्वविद्यालय केन्द्रीय क्याम्पसमा अल्केमी २०२४ अन्तर्गत आयोजना हुने १० वटा कार्यक्रममा एक हजारभन्दा धेरै उत्साही सहभागीहरूले भाग लिने अनुमान छ । जसमा दुई सयभन्दा बढी उत्साही सहभागीहरू र पाँच सय बढी लगनशील र प्रतिभाशाली विद्यार्थीहरू हुनेछन् । साथै करिब २० हजार व्यक्तिहरूले अनलाइन सामाजिक माध्यमबाट जानकारी र सूचना लिनेछन् । यस कार्यक्रमलाई थुप्रै चरणमा विभाजन गरिएको छ ।

मुख्य कार्यक्रममा पहिलो चरणमा शिक्षण-सिकाइका निम्ति तीनवटा वर्कसप आयोजना गरिएको छ । जसमा मसिन लर्निङ इन केमिकल इञ्जिनियरिङ, ब्रेन टु ब्लक्स: डिजाइनिङ एण्ड थ्रिडी प्रिन्टिङ र अटोक्याड प्लान्ट थ्रिडी एसेन्सिएल १०२ रहेका छन् । दोस्रो चरणका प्रमुख कार्यक्रमहरूमा केमिकल इञ्जिनियरिङमा प्यानल छलफलका साथै केमिकल इञ्जिनियरिङका प्रमुख शैक्षिक र उद्योग विशेषज्ञहरूले प्रस्तुत गर्ने अन्तरदृष्टिपूर्ण टक शोबाट कार्यक्रम सुरु हुनेछ । उनीहरूले औद्योगिक क्षेत्रको विकास र सम्भावनाबारे छलफल गर्दै दिगो विकासमा यसको भूमिका र स्थानीयरूपमा सञ्चालित औद्योगिक आविष्कारहरूको भविष्यका बारेमा चर्चा गर्नेछन् । यस सत्रले विद्यार्थीहरूलाई उद्योग क्षेत्रको भविष्यमा अमूल्य दृष्टिकोणहरू प्रदान गर्ने उद्देश्य राखेको छ । कार्यक्रमले नेपालको अर्थतन्त्र र वातावरणलाई उपयुक्त हुने व्यावहारिक अनुप्रयोगहरूमा पनि मार्गदर्शन दिनेछ ।

> *मुख्य कार्यक्रममा पहिलो चरणमा शिक्षण-सिकाइका निम्ति तीनवटा वर्कसप आयोजना गरिएको छ । जसमा मसिन लर्निङ इन केमिकल इञ्जिनियरिङ, ब्रेन टु ब्लक्स: डिजाइनिङ एण्ड थ्रिडी प्रिन्टिङ र अटोक्याड प्लान्ट थ्रिडी एसेन्सिएल १०२ रहेका छन् । दोस्रो चरणका प्रमुख कार्यक्रमहरूमा केमिकल इञ्जिनियरिङमा प्यानल छलफलका साथै केमिकल इञ्जिनियरिङका प्रमुख शैक्षिक र उद्योग विशेषज्ञहरूले प्रस्तुत गर्ने अन्तरदृष्टिपूर्ण टक शोबाट कार्यक्रम सुरु हुनेछ ।*

**इनोभेसन शोकेस** : दोस्रो दिनमा स्थानीय व्यवसायहरूका स्टलहरू, विद्यार्थीहरूको नेतृत्वमा रहेका परियोजनाहरू र नवप्रवर्तन पहलहरूसहितको आकर्षक प्रदर्शनी राखिएको छ । कम्पनी र ब्राण्ड स्टलहरूले विद्यार्थीहरूका लागि अन्तरक्रियात्मक अनुभवहरू, उत्पादन प्रदर्शनहरू र नेटवर्किङ अवसरहरू प्रदान गर्दछन् । यी स्टलहरूले बृहत् दर्शकहरूलाई आकर्षित गर्छन्, विद्यार्थी-उद्योग नेटवर्किङ सहज बनाउँछन् र नवीनतम प्रविधिहरू प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछन् ।

**कादम्बरी पत्रिकाको उद्घाटन:** अल्केमी २०२४ ले केयुकंकको पत्रिका 'कादम्बरी'को आधिकारिक उद्घाटन पनि गर्नेछ । यो वार्षिक पत्रिका अनुसन्धानमूलक लेखहरू, शैक्षिक अन्तरदृष्टिहरू, रसायन विज्ञान र इञ्जिनियरिङ विभागमा विद्यार्थी र संकाय दुवैको व्यक्तिगत दृष्टिकोणले भरिएको छ । काठमाडौं विश्वविद्यालयभित्र शैक्षिक आदानप्रदान गर्ने लक्ष्यका साथ 'कादम्बरी' केमिकल इञ्जिनियरिङ समुदायका लागि बहुमूल्य स्रोत बन्ने ठहर गरिएको छ ।

**अकुष्टिक नाइट** : दुई दिनको बौद्धिक आदानप्रदानपछि मनोरञ्जन र विश्राम प्रदान गर्ने मनमोहक प्रत्यक्ष प्रदर्शनहरू प्रस्तुत गर्दै अल्केमी २०२४ एक मनमोहक अकुष्टिक नाइटका साथ समापन हुनेछ । यस अन्तिम कार्यक्रममा विद्यार्थी र संकायले सांगीतिक मनोरञ्जन लिँदै अनौपचारिकरूपमा भेटघाट र कार्यक्रममा प्राप्त अन्तरदृष्टिका बारेमा छलफल गर्नेछन् ।

अल्केमी २०२४ ले काठमाडौं विश्वविद्यालय सर्कल अफ नोबल केमिनियर्स (केयुकंक) का लागि महत्वपूर्ण कोसेढुंगाको प्रतिनिधित्व गर्दछ । जसमा विद्यार्थीहरूले ज्ञान, प्रेरणा, नेटवर्किङ र सशक्तीकरण पाउनुका साथै शैक्षिक र औद्योगिक व्यक्तित्वहरूबीचको भविष्यको सहकार्यका लागि एक सुन्दर माध्यम बन्ने ठहर गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

